# स्थानीय राजपत्र

भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ४ भगवतीमाइ अषाढ १९ गते, २०७७ साल (संख्या : १)

**भाग –१**
**भगवतीमाई गाउँपालिका**

नेपालको संविधानको धारा २२८ को उपधारा २ तथा भगवतीमाई गाँउपालिकाको प्रशासकीय कार्य विधि नियमित गर्ने ऐन, २०७५ बमोजिम भगवतीमाई गाउँपालिकाले बनाएको तल उल्लेखित वमोजिम ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**सम्वत् २०७७ सालको ऐन नं. : ०१**

## भगवतीमाई गाउँपालिका दैलेखको आर्थिक ऐन, २०७७

**प्रस्तावना** :

भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथाशुल्क संकलन गर्ने, छुट दिने तथाआय संकलनको प्रशासन सम्वन्धीकानूनीव्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिमभगवतीमाई गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ**

(१) यो ऐनको नाम“भगवतीमाई गाउँपालिकाको आर्थिक ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन २०७७ सालश्रावण १ गतेदेखि भगवतीमाई गाउँपालिका क्षेत्रमालागु हुनेछ ।

**२. सम्पति कर** :गाउँपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम सम्पत्ति कर लगाईने र असुल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिमभुमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।आ.व. २०७५/०७६ सम्म बुझाउनबाकीमालपोतको बक्यौता कर लगाई असुल गरिने ।

४. **घर जग्गावहाल कर** :गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा सस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी, पूरै आंशिकतवरले वहालमादिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गावहाल कर लगाइने र असुल गरिनेछ ।

**५.व्यवसाय कर** :गाउँपालिका क्षेत्रभित्रव्यापार, ब्याबसाय, वा सेवामा पूंजीगतलगानी र आर्थिक कारोवारका आधारमा अनुसुचि (४) बमोजिमव्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **बहाल बिटौरी शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्रआफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार वापसलवा सरकारी जग्गामा बनेका संरचनार जग्गाको उपयोग वापत अनुसुचि (५) मा उल्लेख भएअनुसार बहाल बिटौरी शुल्कलगाइने र असूल उपर गरिनेछ ।

७. **जडिबुटि, कवाडी र जीवजन्तु कर** :गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडि माल र प्रचलितकानुनले निषेध गरिएको जीवजन्तु बाहेकका‌अन्य मृत वामारिएकाजीबजन्तुको हाड ,सिङ, प्वांख , छाला, जस्ता बस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसुचि (६) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

८. **सेवाशुल्क** :गाउँपालिकाले निर्माण, संञ्चालनवाव्यवस्थापन गरेका अनुसूचि (७) मा उल्लिखित स्थानीयपूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचिमाव्यवस्थाभएअनुसार शूल्कलगाइने र उपर असूल गुरनेछ ।

९. **कर छुट** : यस ऐन बमोमि कर तिर्ने दायित्तवभएकाव्यक्तिवा संस्थाहरूलाई कूनै पनिकिसिमको कर छुट दिईने छैन ।

१०. **कर तथाशुल्क संकलन सम्बन्धिकार्यविधि** : यो ऐनमाभएको व्यवस्थाअनुसार कर तथाशूल्क संकलन संम्बन्धिकार्यविधिगाउँपालिकाले कार्यविधिबनाई जारी गर्नेछ ।

**११.दण्ड सजाय : १. गाउँ**पालिकाले तोकेको वालगाएको कर, दस्तुर, शुल्क, महशुलतथाअसुल गर्न बाकीअन्यकुनै रकमव्यक्तिले नबुझाएमागाउँपालिकाले देहायबमोजिम कारवाही गर्न सक्नेछ ।
क) यस ऐन बमोजिम उठाउन पाउने कर, दस्तुर तथाशुल्कअसुल गर्न बाकीअन्य रकमकुनै व्यक्तिले नबुझाएमात्यस्तो व्यक्तिको चलअचल सम्पत्ति स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्वन्धितनिकायलाई लेख्न व्यापार व्यवसायमाशिलवन्दीतथातालावन्दी गर्न सक्नेछ ।
ख) यस ऐन बमोजिम उठाउन पाउने रकम (क) बमोजिम सम्वन्धीतव्यक्तिको घर वाजग्गा रोक्कागर्दा पनि उठ्न नसकेमा गाउँपालिकाले निजको घर जग्गा र कारोबार वाअन्यकुनै सेवाभएलिलामविक्री गरी असुल गर्न सक्नेछ ।
२. खण्ड (ख) बमोजिमगाउँपालिकाले लिलामविक्रिगर्दा प्रचलितकानुनबमोजिम गर्नुपर्नेछ ।
**३.** यस ऐन बमोजिमतिर्न बुझाउनु पर्ने कर, दस्तुर, शुल्क, महशुलतथाअसुल गर्न बाकीकुनै रकमनबुझाएमागाउँपालिकाले उपलब्ध गराएको सेवात्यस्तो व्यक्तिको हकमाबन्द गर्न सक्नेछ ।

**१२. विविध**

यस ऐनमानसमेटिएका र अन्यकानुनसगनबाझिने गरी कर, दस्तुर, शुल्कको दररेट गाउँकार्यपालिकाको निर्णय बमोजिमहुनेछ ।

# भगवतीमाई गाँउपालिकाको आ.व. २०७७/०७८ को लागिकर, सेवाशुल्कतथासिफारिस दस्तुरको प्रस्तावित दरः

## अनुसूची १

**(क) सम्पति कर :**

| क.स. | करयोग्य सम्पतिको मुल्य | करको दर |
|---|---|---|
| १. | १ लाखसम्मको मुल्याङ्कनमा | एकमुष्ट रु १५ |
| २. | १ लाख १ देखि ५ लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु १० |
| ३. | ५ लाख १ देखि १५ लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु १५ |
| ४. | १५ लाख १ देखि २५ लाखसम्मको मुल्याङ्कनमा | प्रतिलाख रु २० |
| ५. | २५ लाख १ देखि ४० लाखसम्मको मुल्याङ्कनमा | प्रतिलाख रु २५ |
| ६. | ४० लाख १ देखि ६० लाखसम्मको मुल्याङ्कनमा | प्रतिलाख रु ३० |
| ७. | ६० लाख १ देखि ८० लाखसम्मको मुल्याङ्कनमा | प्रतिलाख रु ३५ |
| ८. | ८० लाख १ देखि १ करोडसम्मको मुल्याङ्कनमा | प्रतिलाख रु ४० |
| ९. | १ करोड १ देखि १ करोड ५० लाखसम्मको मुल्याङ्कनमा | प्रतिलाख रु ४५ |
| १०. | १ करोड ५० लाखभन्दामाथिको मुल्याङ्कनमा | प्रतिलाख रु ५० |

नोट : मुल्याङ्कन रकमलाई रु लाखमा परिणत गरि करको दर निर्धारण गरिने छ ।

**(ख) संरचनाको मूल्यांकन दर :**

**१. पक्की घर**

| क.स. | क्षेत्र | संरचना प्रति वर्ग फिट रु. | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आर.सी.सी. फ्रेम स्ट्रक्चर | | सिमेन्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो/छाना आ.सी.सी. | | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो, आर.सी.सी. वा सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गाको गारो स्लेट/जस्ताको छाना | |
| | | व्यापारिक, औधोगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औधोगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औधोगिक तथा संस्थागत | बसोबास |
| १. | व्यावसायिक क्षेत्र | २००० | १८०० | १८०० | १६०० | १२०० | १००० |
| २. | आवासीय क्षेत्र | १८०० | १६०० | १६०० | १४०० | १००० | ८०० |
| ३. | कृषि क्षेत्र | १६०० | १४०० | १४०० | १२०० | ८०० | ६०० |
| ४. | वन तथा वगर क्षेत्र | १४०० | १२०० | १२०० | १००० | ६०० | ४०० |

२. कच्ची घरको करको दर

| क.स. | क्षेत्र | संरचनाको किसिम | | |
|---|---|---|---|---|
| | | माटो र ढुङ्गा/इट्टाको जोडाइ जस्ताको छाना प्रति तला रु. | माटो र ढुङ्गा/इट्टाको जोडाइ स्लेटको छाना प्रति तला रु. | सेड वा कच्ची घर प्रति तला रु. |

| | | व्यापारिक, औधोगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औधोगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औधोगिक तथा संस्थागत | बसोबास |
|---|---|---|---|---|---|---|---|
| १. | व्यावसायिक क्षेत्र | २०० | १७५ | १५० | १२५ | १२५ | १०० |
| २. | आवासीय क्षेत्र | १७५ | १५० | १२५ | १०० | १०० | ७५ |
| ३. | कृषि क्षेत्र | १५० | १२५ | १०० | ७५ | ७५ | ५० |
| ४. | वन तथा वगर क्षेत्र | १२५ | १०० | ७५ | ५० | ५० | २५ |

## अनुसूची २

### (क) भुमी कर (मालपोत) करको दर :

| क.स. | करयोग्य भुमिको मुल्य | करको दर |
|---|---|---|
| १. | १ लाखसम्मको मुल्याङ्कनमा | एकमुष्ट रु १५ |
| २. | १ लाख १ देखि ५ लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु १० |
| ३. | ५ लाख १ देखि १५ लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु १५ |
| ४. | १५ लाख १ देखि २५ लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु २० |
| ५. | २५ लाख १ देखि ४० लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु २५ |
| ६. | ४० लाख १ देखि ६० लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु ३० |
| ७. | ६० लाख १ देखि ८० लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु ३५ |
| ८. | ८० लाख १ देखि १ करोडसम्मको मुल्याङ्कनमा | प्रति लाख रु ४० |
| ९. | १ करोड १ देखि १ करोड ५० लाखसम्मको मुल्याङ्कनमा | प्रति लाख रु ४५ |
| १०. | १ करोड ५० लाखभन्दा माथिको मुल्याङ्कनमा | प्रति लाख रु ५० |

### (ख) भूमिकर/मालपोत बक्यौता कर :

| क्र.सं. | विवरण | आ.व. ०७५।७६ सम्मका वक्यौताको कर | आ.व. ०७६।७७ मा कायम गरिएको कर | कैफियत |
|---|---|---|---|---|
| १. | वडा १ र २ वेस्तडा क्षेत्र | रु. ४ | रु. ५ | |
| २. | अन्य क्षेत्रको मध्यपहाडी सडक छेउछाउमा पर्ने क्षेत्र | रु. ३।७५ | ४।०० | |
| ३. | गा.पा.को अन्य क्षेत्र | रु. ३।०० | ३।५० | |

## अनुसुचि ३

### (क) घरजग्गाबहाल कर :

| क्र.स. | बहाल कर | रु १० प्रतिशत |
|---|---|---|
| क. | घर जग्गाबहाल रकमनिर्धारण भएकोमा बहाल रकम सोहीबमोजिमभई निर्धारण भई कुल रकमको १० प्रतिशतवहाल कर हुने | |
| ख. | घर जग्गाबहाल रकमनिर्धारण नभएकोमा घर जग्गाबहाल कर लिने प्रयोजनको लागि भाडादर निर्धारण | रु |

| | | |
|---|---|---|
| १. | बेस्तडा वजार क्षेत्र | |
| | क पक्कि घर सटर कोठा | २०००। |
| | ख पक्कि घर अन्य कोठा | १५००। |
| | ग. कच्चि घर सटर कोठा | १५००। |
| | घ. कच्चि घर अन्य कोठा | १०००। |
| २. | मध्य पहाडी लोकमार्गमा पर्ने अन्यबजार क्षेत्र | |
| | क पक्कि घर सटर कोठा | १५००। |
| | ख पक्कि घर अन्य कोठा | १०००। |
| | ग. कच्चि घर सटर कोठा | १०००। |
| | घ. कच्चि घर अन्य कोठा | ८००। |
| ३. | सबै वडाहरुको ग्रामिण क्षेत्र | |
| | क पक्कि घर सटर कोठा | १०००। |
| | ख पक्कि घर अन्य कोठा | ८००। |
| | ग. कच्चि घर सटर कोठा | ८००। |
| | घ. कच्चि घर अन्य कोठा | ५००। |

## अनुसुचि ४

**(क) व्यवसाय कर :**

| क्र.स. | शिर्षक | आ.ब.२०७७।०७८ को लागि स्विकृत करको दररेट | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता | नविकरण | |
| १. | **दर्ता शुल्क** | | | |
| | थोकबिक्रेतादर्ता | ५००। | ३००। | |
| | खुद्रापसलदर्ता | २५०। | २००। | |
| | भांडा पसलदर्ता | ५००। | ३००। | |
| | फोटोग्राफदर्ता | ३००। | २००। | |
| | सुचिकार दुइभन्दा बढी मेशिनहुनेका लागि | २००। | १००। | |
| | सुचिकार दुइभन्दाकममेशिनहुनेका लागी | १००। | ५०। | |
| | शैलुन (बाल काट्ने) | १००। | ५०। | |
| २ | **बिभिन्न फर्महरुका लागि लाग्ने दस्तुर** | | | |
| | बंगुर पालनफर्म दर्ता | ५००। | २००। | |
| | कुखुरा पालनफर्म दर्ता | ४००। | २००। | |
| | बाख्रा पालनफर्म दर्ता | ४००। | २००। | |
| | एग्रोभेट फर्म दर्ता | ३००। | २००। | |
| | सौर्यउर्जा प्रा.लि. | ५००। | ३००। | |
| | कृषि समुहदर्ता | ४००। | २००। | |
| | मेडिकल दर्ता | ८००। | ३००। | |
| | सानातथा घरेलु उद्योग दता (जस्तै डेरी उद्योग) | ५००। | २५०। | |
| | मझौलाउद्योग | ६००। | ३००। | |
| | ठुला उद्योग | ७००। | ३५०। | |
| ३. | **फर्निचर (काठ तथास्टिलको सामाग्री) उत्पादन रबिक्री** | **६००।** | **३००।** | |

| | | | | |
|---|---|---|---|---|
| ४. | **कपडा पसल** | | | |
| | क) ठुलोकाचो कपडा पसल | ६००। | ३००। | |
| | ख) साधारण कपडा पसल | ४००। | २००। | |
| ५. | **तयारी कपडा (फेन्सी पसल)** | | | |
| | क) ठुलोफेन्सी /कपडा पसल | ६००। | ३००। | |
| | ख) सानो फेन्सी/कपडा पसल | ४००। | २००। | |
| ६. | **मिल (धानकुटने, तेल पेल्ने र अन्यमिल)** | | | |
| | क. कुटानी तथापिसानी | ५००। | ३००। | |
| | ख. कुटानी, पिसानीतथा पेलानी समेत | ७००। | ४००। | |
| | ग. पानी घट्ट | ३००। | १००। | |
| ७ | **बिज्ञापन कर** | | | |
| | क. साधारण साईनवोर्ड | १००। | | |
| | ख. व्यबसायप्रचार प्रसार होडिङ्ग बोर्ड | २००। | | |
| | ग. सडक छेउको ठुलो होडिङ्ग बोर्ड | ३००। | | |
| | घ. साइनवोर्ड, व्यानर लेख्ने पसल | २५०। | १५०। | |
| ८. | **नाफाकमाउने उद्देश्यले स्थापित संस्था** | | | |
| | क. विज्ञापन ऐजेन्सी | ४००। | २००। | |
| | ख. सप्लायर्स (जुनसुकै सामान) | ५००। | २५०। | |
| ९. | **निजिबैंक** | | | |
| | (क) वर्गको | ५००० | ३०००। | |
| | (ख) वर्गको | ४००० | २०००। | |
| | (ग) वर्गको | ३००० | १०००। | |
| | (घ) वर्गका | २००० | ५००। | |
| १०. | **सुनचांदीपसलदर्ता** | **१०००।** | **५००।** | |
| ११ | **सेवामुलकव्यवसाय** | | | |
| | क.इन्जिनियर | १५००। | ७००। | |
| | ख. डाक्टर | १०००। | ५००। | |
| | ग. कानूनव्यवसायी | ४००। | २००। | |
| | घ. साधारण लेखापढी व्यवसाय | ३००। | १५०। | |
| १२ | **परामर्श (कन्सलटेन्सी)** | **१५००।** | **७००।** | |
| १३ | **लेखापरिक्षक फर्म** | **१०००।** | **५००।** | |
| १४ | **निर्माण व्यवसाय** | | | |
| | (क) वर्गको | २०००। | १०००। | |
| | (ख) वर्गको | १०००। | ५००। | |
| | (ग) वर्गको | ८००। | ४००। | |
| १५ | **मनोरञ्जन तर्फ** | | | |
| | क) मेलामहोत्सव (७दिन सम्मको) | २००० | | |
| | ख) सर्कस, जादु, सडक नाटक (प्रतिदिन/पटक) | २०० | | |
| १६ | **होटेल, रेष्टुरेन्ट** | | | |
| | होटेल,लज एण्ड रेष्टुरेन्ट | ६००। | ३००। | |
| | रेष्टुरेन्ट एण्ड वार | ४००। | २००। | |
| | साधारण होटेल,रेष्टुरेन्ट (छाप्रोमा) | २००। | १००। | |

| | | | | |
|---|---|---|---|---|
| १७ | **माछा मासु पसल** | | | |
| | खसीको मासु तथा माछा पसल | ५००। | २५०। | |
| | कुखुरा,ब्रोइलर (फ्रेश हाउस)तथा माछा पसल | ५००। | २५०। | |
| | बंगुर,रांगाको मासु पसल | ३००। | २००। | |
| १८ | **श्रृङ्गारीक तथाविलासिताका सामान बिकेता** | | | |
| | कस्मेटिक पसलथोक बिक्रेता | ५००। | २५०। | |
| | कस्मेटिक पसल (साधारण) | १५०। | ७५। | |
| १९ | **जुत्तापसल** | | | |
| | जुत्ता (छाला वाअन्य) पसल | २५०। | १५०। | |
| | स्थानीय छाला जुत्तापसल | २५०। | १५०। | |
| २० | **कलर ल्याव, कम्प्युटर, प्रशिक्षण तथामर्मत केन्द्र** | | | |
| | कलर ल्याव | ८००। | ४५०। | |
| | कम्प्युटर प्रशिक्षण तथामर्मत केन्द्र | ८००। | ४५०। | |
| | टाईपिङ्गतथाफोटोकपिपसल | ३००। | २००। | |
| | चस्मा, घडी, रेडियो, टिभि, क्यामरा, मोबाइल मर्मत | ३००। | १५०। | |
| | चस्मा, घडी, रेडियो, टिभि, क्यामरा, मोबाइलविक्रि | ६००। | ३००। | |
| | हिटर, फ्रिज, इलेक्टोन्क्सि सामान बेच्ने पसल | ६००। | ३००। | |
| २१ | **मोटर ग्यारेज** | | | |
| | मोटरसाईकल मर्मत पसल | ५००। | ३००। | |
| | टायर मर्मत पसल | ५००। | ३००। | |
| | मेशिनरी पार्टपुर्जा विक्रितथा मर्मत पसल | ६००। | ३५०। | |
| २२ | **स-साना चिया नास्ता पसल** | | | |
| | चिया नास्ता पसल (बजार क्षेत्र) | २००। | १००। | |
| | चिया नास्ता पसल (ग्रामिण क्षेत्र) | १००। | ५०। | |
| | फलफुल तरकारी पसल | २००। | १००। | |
| २३ | **औषधिपसल** | | | |
| | कऔषधिखुद्रापसल | १०००। | ५००। | |
| | ख जडिबुटि तथाआर्युवेदिकपसल | २००। | १००। | |
| २४ | **स्टेशनरी तथा पुस्तकपसल** | ५००। | २५०। | |
| २५ | **पटके बजारमा घुमाएर बेच्ने (प्रतिदिन)** | | | |
| | फेन्सी कपडातथाखाद्यान सामाग्रीहरु | २००। | | |
| | प्लाष्टिक तथाफिउसका भांडाहरु तथाऔजार | २००। | | |
| | सुनचांदीपसल घुमफिर गरि बनाउने र मर्मत गर्ने | ५००। | | |
| | मूर्ति बनाउने | २००। | | |
| | घुमफिर गरि भाँडा मर्मत गर्ने (प्रेसर कुकर, चुलो) | १००। | | |
| २६ | **मदिरा तथ सुर्तिजन्यपसल** | | | |
| | मदिरा थोकबिक्रेता | ८००। | ४००। | |
| | मदिरा तथाकोल्ड ड्रिंक्स (पेय पदार्थ) खुद्राबिक्रेता | ४००। | २००। | |
| २७ | **रेमिटेन्स विप्रेषण (स्वदेस तथाविदेशबाट)** | १०००। | ५००। | |
| २८ | **निजिटेलीफोन तथा ईन्टरनेट सेवाप्रदान गर्ने संस्था** | २५००। | १०००। | |
| २९ | **सामुदायिकएफ.एम.रेडियो** | २५००। | १०००। | |
| ३० | **सवारी साधनपार्किङ्ग (पटके)** | | | |

| | | | | |
|---|---|---|---|---|
| | बस ट्रक | ५० | | |
| | ट्याक्टर, जीप, भ्यान, कार आदि | ४० | | |
| | मोटरसाईकल | २० | | |
| ३१ | **ढुङ्गा, गीटी,बालुवा माटो** | **ढुङ्गा,गीटी** | **बालुवा माटो** | |
| | प्रति ट्रिप हेभिट्रकबाट | ५००। | ४००। | |
| | प्रति ट्रिप मिनिट्रक सानो | ४००। | ३००। | |
| | प्रति ट्रिप ट्याक्टर बाट | ३००। | २००। | |
| ३२ | भरुवा बन्दुक जिल्लाभरीको लागि | १०००। | ५००। | |
| | भरुवा बन्दुक नेपालभरीको लागी | १०००। | ५००। | |

## अनुसुचि ५

(क)**बहाल/बिटौलीशुल्क**

| क्र.स. | बहाल/बिटौली कर | रकम रु |
|---|---|---|
| १. | सरकारी स्वामित्वको जग्गामा घुम्टि, टहरा, छाप्रो बनाई व्यवसाय गरेमा मासिक बहाल/बिटौलीशुल्क रु | रु २०० देखि ५०० सम्म |
| २. | अन्य | २०० |

## अनुसुचि ६

**(क) जडिबुटी कवाडी र जीवजन्तु कर :**

| **क्र.स.** | **शिर्षक** | **आ.ब.२०७७।०७८ को लागि स्विकृत करको दररेट** | | **कैफियत** |
|---|---|---|---|---|
| | | **दर्ता** | **नविकरण** | |
| १. | **निर्यात जडिबुटि तर्फ** | | | |
| | टिमुरप्रति क्विन्टल | ३००। | | |
| | अल्लोप्रति क्विन्टल | २००। | | |
| | चुत्रा, काउलो ,बोजोप्रति क्विन्टल | १००। | | |
| | सतुवाप्रति क्विन्टल | २५०। | | |
| २. | **कबाडी संकलन तथा निर्यात कर (प्रति क्विन्टल)** | १००। | | |
| ३. | **निर्यात तर्फ (पशुजन्यउत्पादन)** | | | |
| | रांगो प्रति १ वटा | ५००। | | |
| | बोका, खसीप्रति १ वटा | ५०। | | |
| | | | | |

## अनुसुचि७

**(क) सेवाशुल्क :**

| **क्र.स.** | **शिर्षक** | **आ.ब.२०७७।०७८ को लागि स्विकृत करको दररेट** | | **कैफियत** |
|---|---|---|---|---|
| | | **दर्ता** | **नविकरण** | |

| | | | | |
|---|---|---|---|---|
| १ | **नागरीकताशिफारिस (फारम सहित)** | १००। | | |
| २ | **नागरीकताप्रतिलिपिशिफारिस** | १००। | | |
| ३ | **पञ्जिकरण** | | | |
| | क. म्याद नाघेको व्यक्तिगत घटना दर्ता | १००। | | |
| | ख. व्यक्तिगत घटना दर्ता प्रतिलिपि | १००। | | |
| ४ | **नाता प्रमाणित** | | | |
| | क.स्वदेश प्रयोजन | २००। | | |
| | ख.विदेशप्रयोजन | ५००। | | |
| ५. | **बैदेशिकप्रयोजनको लागिविभिन्नसिफारिस तथाप्रतिलिपि** | ५००। | | |
| ६ | **जग्गाको नामसारी सिफारिस** | | | |
| | क. बेस्तडा क्षेत्र | ४००। | | |
| | ख. अन्य, वडा नं. १ देखि ७ सम्म | २००। | | |
| ७ | **विद्युत जडान शिफारिस दस्तुर** | | | |
| | घरयासीप्रयोजन | ३००। | | |
| | उद्योगधन्दाको प्रयोजन | ५००। | | |
| ८ | **खानेपानीसिफारिस** | | | |
| | क) घरयासीप्रयोजन, शहरी (बेस्तडा) | ५००। | | |
| | ख) घरयासीप्रयोजन, ग्रामिण (वडा नं १-७) | २००। | | |
| | ग) कार्यलय तथा ग्रामिण उद्योगकालागि | ६००। | | |
| ९ | **अन्यकार्यलयलाई पठाउने सिफारिस पत्र** | **१००।** | | |
| १० | **अन्यनिकायकायोजना सम्झौता र भुक्तानीसिफारिस ( गा.पा. बाहिरका लागि)** | **२००।** | | |
| ११ | **चारकिल्ला प्रमाणित** | | | |
| | क. चारतिर बाटो भएको | ६००। | | |
| | ख. तिनतिर बाटो भएको | ५००। | | |
| | ग. दुइतिर बाटो भएको | ४००। | | |
| | घ. एक तिर बाटो भएको | ३००। | | |
| | ङ. बाटोले नछोएको | १००। | | |
| | च. घर कायमसिफारिस | १००। | | |
| १२ | **प्रतिलिपि दस्तुर(सवै प्रकारका दर्ता प्रमाण पत्र)** | **१००।** | | |
| १३ | **नक्सापास शुल्क** | बजार क्षेत्र | ग्रामिण क्षेत्र | |
| | माटो ढुङ्गाको गाह्रो तथाफुसको छाना प्रतिवर्गफिट | ५० पैसा | २० पैसा | |
| | माटो ढुङ्गाको गाह्रो तथापत्थर, टिनको छाना प्रतिवर्गफिट | १ रुपैया | ५० पैसा | |
| | सिमेन्ट पलाष्टर, माटो ढुङ्गाको गाह्रो तथा टिनको छाना प्रतिवर्गफिट | १.५० रुपैया | ८० पैसा | |
| | सिमेन्टको गाह्रो तथा ढुङ्गा ईटको चिनाई र ढलान प्रतिवर्गफिट | २.५० प्रैसा | १रुपैया | |
| | ग्रिल ,काठको पार्टेसन तथा टिनको छाना प्रतिवर्गफिट | १ रुपैया | ७५ पैसा | |
| १४ | **नक्सापास नामसारी शुल्क** | | | |
| | एक तला | ५००। | | |
| | दुइतला | ८००। | | |

| | | | | |
|---|---|---|---|---|
| | तिनतला | १२००। | | |
| | चार तलाभन्दामाथि | १६००। | | |
| | घर नक्शापास निवेदन | ५००। | | |
| **१५** | **नक्शापास रेखाङ्कनशुल्क (लेआवट)** | | | |
| | क. बजार क्षेत्र ६५ व.मी.सम्म | ३००। | | |
| | ख. बजार क्षेत्र ६६ देखि ९० व.मी. सम्म | ५००। | | |
| | ग. बजार क्षेत्र ९१ देखि ११५ व.मी. सम्म | ७००। | | |
| | घ. बजार क्षेत्र ११६ देखि माथी | १०००। | | |
| | ङ. ग्रामिण क्षेत्र एकमुष्ट | ५००। | | |
| **१६** | **अचल सम्पत्तिमुल्याङ्कन सेवाशुल्क** | | | |
| | रु ५लाख सम्म | २००। | | |
| | रु ५लाख देखि रु १० लाखसम्म | ३००। | | |
| | रु. १० लाखदेखि रु १५लाखसम्म | ५००। | | |
| | रु १५लाखदेखि रु२० लाखसम्म | ८००। | | |
| | रु २० लाखदेखि भन्दामाथि | १०००। | | |
| | आयश्रोत प्रमाणित सिफारिस (आयको आधारमा) | **०.१ प्रति** | | |
| **१७** | **गाउँपालिकाको सभाहल भाडा प्रतिदिन** | १०००। | | |
| **१८** | **मल्टिमिडिया तथाविद्युतिय उपकरण भाडा प्रतिदिन** | १०००। | | |
| **१९** | **नाम, थर संशोधन,सिफारिस** | १००। | | |
| **२०** | **छुट जग्गादर्ता सिफारिश** | | | |
| | क. १ रोपनीसम्म रु | ५०००। | | |
| | ख. १ रोपनीभन्दामाथीभएप्रति रोपनीथप रु | ५००। | | |
| **२१** | **संस्थादर्ता तथानविकरण शुल्क** | २०००। | **१०००।** | |
| **२२** | **संस्थादर्ता सिफारिस** | १०००। | | |
| **२३** | **उद्योग संचालनकालागि घरेलुमासिफारिस** | ३५०। | | |
| **२४** | **उद्योगकल कारखानाको सर्जमिन** | ४००। | | |
| **२५** | **उद्योगकल कारखानाको अन्यसिफारिस** | १००। | | |
| **२६** | **सानाउद्योग संचालनकालागिसिफारिस** | ३५०। | | |
| **२७** | **मझौलाउद्योग संचालनकालागिसिफारिस** | ७००। | | |
| **२८** | **ठूला उद्योग संचालनकालागिसिफारिस** | १५००। | | |
| **२९** | **उद्योगव्यवसायनामसारीतथा ठाउँसारी** | २००। | | |
| **३०** | **सगोल प्रमाणित** | १५०। | | |
| **३१** | **अंशियार प्रमाणित** | २००। | | |
| **३२** | **पेन्सनपट्टा सम्बन्धिसिफारिस** | | | |
| | क. स्वदेश | २००। | | |
| | ख. विदेश | ५००। | | |
| **३३** | न्यायिकनिवेदनदर्ता दस्तुर | १००। | | |
| **३४** | **मिलापत्र दस्तुर** | ५००। | | |
| **३५** | **लिखत प्रमाणित दस्तुर** | २००। | | |
| **३६** | **निजिविद्यालय संञ्चालनअनुमति** | | | |

| | | | | |
|---|---|---|---|---|
| | क. आधारभुततहसम्म | २०००। | | |
| | ख माध्यामिकतहसम्म | ३०००। | | |
| | ग. प्राविधिकशिक्षालय | ३०००। | | |
| | घ कक्षाथप | १०००। | | |
| ३७ | **घ वर्गको निर्माण व्यवसाय** | | | |
| | क. ईजाजतपत्र जारी दस्तुर | २००००। | | |
| | ख. ईजाजतपत्र नविकरण दस्तुर | १०००। | | |
| | ग. नविकरण म्याद नाघेमा दोब्बर लाग्ने छ | २०००। | | |
| ३८ | परिक्षा दस्तुर लोकसेवाआयोगको निर्धारित दर अनुसार हुने छ | | | |
| ३९ | बोलपत्र र दरभाउपत्र दस्तुर नियमानुसार हुने छ। | | | |
| ४० | साधारण निवेदनशुल्क | ५०। | | |
| ४१ | सर्जमिन दस्तुर | २००। | | |
| ४२ | **विविधसिफारिस** | २००। | | |
| ४३ | **जग्गाको न्युनतममुल्यनिर्धारण** | | | |
| | मालपोत कार्यालय दैलेखबाट कित्तातोकिएका साविकपगनाथ-१ र रुम -१ बेस्तडा बजार क्षेत्रको ५०० वर्गमिटरको न्युनतममुल्य रु | ५,५०,०००। | | |
| | मालपोत कार्यालय दैलेखबाट तोकिएकाकित्ताबाहेक अन्यजग्गाहरुको बेस्तडा बजार क्षेत्रको ५०० वर्गमिटरको न्युनतममुल्य रु | ५,५०,०००। | | |
| | भगवतीमाई गाउँपालिका वडा नं. ३ सान्तडा क्षेत्रभित्र रहेका जग्गाहरुको ५०० वर्गमिटरको न्युनतममुल्य रु | ३,५०,०००। | | |
| | भगवतीमाई गाउँपालिकाको सवै वडाहरुको सडक छेउमा रहेका जग्गाहरुको ५०० वर्गमिटरको न्युनतममुल्य रु | १,००,०००। | | |
| | भगवतीमाई गाउँपालिकाअर्न्तगत मध्यपहाडी सडक छेउमा रहेका बेस्तडा बजार बाहेक जग्गाहरुको ५०० वर्गमिटरको न्युनतममुल्य रु | २,५०,०००। | | |
| | भगवतीमाई गाउँपालिकाको सवै जग्गाहरुको मुल्याङ्कन रकमको ०.०५ प्रतिशतआयमुल्याङ्कन दस्तुर लाग्ने छ। | ०.०५ प्रतिशत | | |
| ४४ | **मेशिनरी औजार तथाएम्बुलेन्स भाडा दर** | | | |
| **क.** | **व्याकहो लोडर** | | | |
| | क. ईन्धन सहितप्रति घण्टा | २५००। | | |
| | ख. ईन्धन सहितप्रतिशिफ्ट् बाहिय (७ घण्टा) | १७०००। | | |
| | ग. ईन्धनबाहेक प्रति घण्टा | १५००। | | |
| | घ. ईन्धनबाहेकप्रतिशिफ्ट् बाहिय (७ घण्टा) | १००००। | | |
| | ङ. उपभोक्ताको लागि ८ घण्टाको १ शिफ्ट् हुने छ। | | | |
| | च. बाह्य प्रयोगमा अपरेटर भत्ताप्रति घण्टा रु | १००। | | |
| ४५ | **पशुपंक्षीलाई उपचार तथाऔषधी सेवाउपलब्ध गराएवापत** | | | |
| | क. कुखुरा प्रति वटा | ५। | | |
| | ख. बाखाप्रति वटा | ५। | | |
| | ग. भैसी/घोडा लगायत ठूला पशु प्रति वटा | १०। | | |
| | घ. कुकुर | २५। | | |

**ख. एम्बुलेन्स भाडा (ईन्धन सहित)**

| क्र.स. | देखि | सम्म | भाडा दर रु | कैफियत |
|---|---|---|---|---|
| १. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. १पगनाथ | १०००। | |
| २. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. १गन्म | १२००। | |
| ३. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. १खौले | १५००। | |
| ४. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. २ रुमगाउँ | १०००। | |
| ५. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. २ सिंडार | १५००। | |
| ६. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ३ पुग्याँ | १७००। | |
| ७. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ३ रातामाटा | १५००। | |
| ८. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ३ मेहेलतोली | १२००। | |
| ९. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ४ तुर्सु | १५००। | |
| १०. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ४ मन्घर | १०००। | |
| ११. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ५ र ६ को कट्टी | १०००। | |
| १२. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ५ र ६ को मलुका, सनिगाउँ | १२००। | |
| १३. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ६ चिपिन | १२००। | |
| १४. | भगवतीमाई गाउँपालिका, बेस्तडा | वडा नं. ७ वडाभैरव, तप्लुङ्ग | २०००। | |
| १५. | भगवतीमाई गाउँपालिका | दैलेख बजार | २५००। | |
| १६. | भगवतीमाई गाउँपालिका | सुर्खेत, विरेन्द्र नगर | ७०००। | |
| १७. | भगवतीमाई गाउँपालिका | नेपालगञ्ज | १००००। | |
| १८. | भगवतीमाई गाउँपालिका | बुटवल | १५०००। | |
| १९. | भगवतीमाई गाउँपालिका | पाल्पा, तानसेन | १७०००। | |
| २०. | भगवतीमाई गाउँपालिका | ािचतवन | १८०००। | |
| २१. | भगवतीमाई गाउँपालिका | काठमाडौं | २५०००। | |

नोट : दुरीको हकमागन्तव्य स्थान नै मान्यहुने छ ।
ईन्धनखर्च प्रति लिटर ७ कि.मि. हुने छ ।
बाटोमा लाग्ने करहरु एम्बुलेन्स प्रयोगकर्ताले नै व्यहोर्नु पर्ने छ ।
एम्बुलेन्सको तोकिएको सेवाशुल्क र मागफारम भरी विरामी लैजानु अगावै कार्यालयमा पेश गर्नुपर्नेछ ।

## सम्वत् २०७६ सालको ऐन नं. : ०२

# भगवतीमाई गाउँपालिकाको विनियोजन ऐन, २०७७

**भगवतीमाई गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक**

**प्रस्तावना**

भगवतीमाई गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले, नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम भगवतीमाई गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भगवतीमाई गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७७/२०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७७/२०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि (१) उल्लिखित चालु खर्च, पूंजिगत खर्च र बित्तिय व्यबस्थाको रकम समेत गरी जम्मा रकम रु **५५,६०,७६,९३०।(अक्षरुपी पचपन्न करोड साठी लाख छ्याहत्तर हजार नौ सय तिस रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन : (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/२०७८ को निमित्त भगवतीमाई गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूंजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तनी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यबस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि - १
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | | | | |
| २ | | वडा सषिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | जम्मा | | | | |

**आज्ञाले**
**बखतबहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**